
NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

# नेपाली पाठशाला पाठ्यक्रमको प्रारुप

## Curriculum Guideline



NRNA
NCC-USA
Non-Resident Nepali Association

## नैतिक ज्ञान दर्शन

## नेपाली भाषा

### मध्यम तह

NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA




प्रवासमा रहेका बालबालिकाहरूलाई नेपाली भाषा तथा नेपाली नैतिक मूल्य र मान्यतामा आधारित ज्ञान-सीप विकास गराउनु आफैमा एक चुनौतीपूर्ण कार्य हो । एनआरएनए, अमेरिकाले ढिलै भए पनि नेपालीमूलका बालबालिकाहरूको भाषागत सिकाई र नेपाली नैतिक शिक्षा प्रशिक्षणका लागि पाठ्यक्रमको ढाँचा विकास गर्न पाउँदा हामी ज्यादै खुशी भएकाछौ । प्रवासमा नेपाली भाषा र नेपाली नैतिक शिक्षा सिकाउन हामीसंग श्रोत र सामग्रीको अभाव रहेको परिवेशमा एनआरएनए अमेरिका, नेपाली पाठशाला समितिले तयार गरेको यस पाठ्यक्रमको ढाँचाले थोरै भए पनि प्रवासमा संचालित पाठशालाहरु संचालन र ब्यबस्थापन गर्नमा सहयोग गर्ने विश्वास लिएका छौ । यस कार्यमा सहयोग गर्ने पाठशाला समितिका पदाधिकारीहरु लगायत अन्य महानुभावहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा थप परिमार्जनका र सुधारका लागि सुझावको लागि अनुरोध गर्दछु ।

सुनिल शाह
अध्यक्ष

# हाम्रो अनुरोध

एनआरएनए, अमेरिकाले प्रवासमा हुर्किरहेका नेपालीमूलका बालबालिकाहरूको भाषागत सीप विकासका साथै नेपाली कला, संस्कृति, एवम् नेपाली नैतिक ज्ञान-दर्शनको विकासकालागि पाठ्यक्रमको ढाँचा विकास गरी तपाईंहरु सामु ल्याउन पाउँदा हामी ज्यादै खुसी भएकाछौं । प्रवासमा हुर्कि रहेका बालबालिकाहरुलाई नेपाली भाषा र नेपाली नैतिक ज्ञानसंग सम्बन्धित आधारभूत तह र मध्यम तहका विषयबस्तुहरुलाई कसरी संगठित गरेर सिकाउन सकिन्छ भन्ने खाकाको रुपमा यस पाठ्यक्रम ढाँचाले अवस्य पनि सहयोग गर्ने छ भन्ने हामीले ठानेकाछौ ।

एकतिस हप्तासम्म प्रति हप्ता एक दिनका दरले प्रशिक्षण गर्नका लागि तयार गरिएको यस ढाँचाले अध्यापन गराउँदा के कस्ता बिषयबस्तुहरु छनौट गर्ने, कसरी सिकाउने र दैनिक कुन किसिमले सिकाउँदा हाम्रा पाठशालाहरुलाई सिकाई केन्द्रको रुपमा बिकास गर्न सकिन्छ भन्ने किसिमबाट यो खाका प्रस्तुत गरिएको छ । यो आफैंमा परिक्षणको क्रममा रहेको मार्गनिर्देशन गर्ने खाका मात्र हो, जसलाई तपाईंहरुले आफ्नो संकृति, धर्म, परम्परा अनुसार बिषयबस्तु छनौट गरि परिवर्तन गर्न सक्नु हुनेछ । अन्त्यमा यस पाठ्यक्रमको ढाँचाको तयारीको क्रममा सहयोग गर्नु हुने पाठशाला समितिका पदाधिकारीहरू लगायत अन्य बिज्ञ महानुभावहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा थप परिमार्जन र सुधारका लागि सबैको सहयोग र सुझावको लागि अनुरोध गर्दछौ ।

**सन्तोस विष्ट**
**(चियर)**

**भोज बलायर**
**(को-चियर)**

**एवम्**

**एनआरएनए, अमेरीका**

**नेपाली पाठशाला, समिति, २०२१**

# एनआरएनए, अमेरीका
# नेपाली पाठशाला, कमिटी
# नैतिक ज्ञान दर्शन शिक्षाको
# मध्यम तहको पाठ्यक्रम ढाँचा (६ देखि १४ बर्ष )

नैतिक शिक्षाले बालबालिकाहरूको चरित्र निर्माणका लागि जगको रुपमा काम गर्छ । जसबाट भविष्यका कर्णाधारहरूको सुन्दर सपनाको ढोका खोल्न सहयोग गर्दछ । आदर्शवान् गुणहरू एवंम समाजका राम्रा संस्कारगत मूल्य र मान्यताहरूको जगमा उभिएर नै बालबालिकाहरूको व्यवहारमा सकारात्मक परिवर्तन सम्भव छ । बालबालिकाहरूको आचरण वृध्दि गराउन नैतिक शिक्षाले सहजीकरणको भूमिका निर्वाह गरेता पनि घर-परिवार, समाजको सेरोफेरो एवंम पाठशालाको वातावरणले पार्ने प्रभावको हात पनि त्यतिकै रहेको हुन्छ । यसका लागि पूर्वीय दर्शन अनुशासन सिकाउने संस्कृतिको जग पनि हो ।

परिवर्तित विश्व परिवेशमा भौतिक सुविधाको विकाससंगै हाम्रा हिजोका मूल्य र मान्यताहरु हराएर जाने क्रममा छन् । यसैको प्रभाव स्वरुप हामीमा विकसित हुन गइरहेको एकलकाँटे भावना र ईलेक्ट्रोफोबिया जस्ता कुलतले सबैमा नकारात्मक असर पारिरहेको छ । यसलाई हटाउने उपाय पूर्वीय दर्शनको शिक्षामा छ ।

पश्चिमा मुलुकमा परिवारका साथमा हुर्किरहेका नेपाली मूलका बालबालिकाहरुको धेरैजसो समय सहपाठीहरुसंगै बित्ने गर्दछ । बेफुर्सदी बुबा-आमाहरूले चाहेर पनि आफ्ना बालबालिकाहरूलाई नेपाली ज्ञान-दर्शन बाड्न कठिन अवस्थामा यस किसिमको निर्देशिकाको आवश्यकता झनै बढेको छ ।

यसका लागि हामीले प्रदान गर्ने पाठ्य सामग्रीहरुलाई व्यवस्थित र बालकेन्द्रित गराई प्रशिक्षण गर्न सकेको खण्डमा हामीले चाहेका सिकाई उपलव्धिहरु बालबालिकाहरूमा हस्तान्तरण गर्न सकिन्छ । जसका लागि योजनावध्द सिकाईको ढाँचा छनौट गर्नुपर्ने हुन्छ ।

दिगो र अर्थपूर्ण सिकाईका लागि सहयोगी प्रशिक्षण सामग्रीको रुपमा विभिन्न अनुभवहरूलाई संगालेर यो पाठ्यक्रमको ढाँचा निर्माण गरिएको हो । यसबाट प्रवासमा हुर्किरहेका हाम्रा बालबालिकाहरूलाई नेपाली नैतिक-ज्ञान र भाषा शिक्षण गराउन सहयोग मिल्ने आशा गरिएको छ । जसले बालबालिकाहरूलाई नेपाल र प्रवासको सामाजिक परिवेशसंग सामन्जस्यता स्थापित गराउन सहयोग पुग्नेछ । साथै यसले बालबालिकाहरुलाई पूर्वीय दर्शनका मुल्य र मान्यातामा आधारित ज्ञान-सीप हस्तान्तरण गर्न पनि कोसेढुङ्गाको काम गर्नेछ । यो ढाँचा मूलतः छ वर्षदेखि चौध वर्षसम्मका बालबालिकाहरू मध्ये धारभूत तहको ज्ञान हाँसिल गरिसकेकाहरुको लागि तयार गरिएको हो ।

**माध्यमिक तहको नैतिक ज्ञान-दर्शन शिक्षाको उद्देश्य यसप्रकार रहनेछः**

- नेपाली मान्यतामा आधारित घरपरिवार र समाजका असल मूल्य मान्यताहरु ग्रहण गर्न ( ढोग, ठूलालाई आदर, सानालाई स्नेह...),
- आदर, दया, माया, सहानुभूती र आपसमा सहयोग गर्ने भावनाको विकास गर्न,
- आत्म-अनुसासित, इमान्दार र कर्तव्यनिष्ठ बन्न,
- आत्मा-सम्मान र आत्म-सन्तुष्ट (सधै आफुलाई खुशी र सुखी बनाउन) रहन र समयको सदुपयोग गर्न,
- आपसमा मिलेर बस्न र बाँडेर खाने बानी विकास गर्न,
- म को हुँ पहिचान गरि सही र गलत छुट्याई असल मार्ग समात्न,
- पूर्वीय दर्शनको कर्म, ज्ञान र भक्तिको मार्गलाई जीवनको दर्शन बनाउन,
- आफ्नो मूलजरो पहिचान गर्न ।

## सम्भावित सिकाई उपलब्धि (Expected Learning Achievements)

| क्षेत्र | बिषयवस्तु | प्रशिक्षण प्रकृया | सामग्री | मुल्यांकन |
|---|---|---|---|---|
| **ईश्वरभक्ति र राष्ट्रभक्ति विकास** | **ईश्वर वन्दनाहरु,<br>गायत्री मन्त्र,<br>शान्ती स्वस्ती वाचन,<br>राष्ट्रिय गान,** | प्रत्येक दिनको कक्षा सुरु हुनु भन्दा पहिले सबैलाई शान्त भई हात जोडेर मनदेखि नै ईश्वरको भक्ति गर्न निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• आफ्नो धर्म अनुसारका वन्दना र मन्त्रहरु, राष्ट्रियगान, देशभक्तिका गीतहरू<br>जस्तैः हिन्दुहरुले- गणेश, सरस्वती, गायत्री मन्त्र र प्रार्थना भने तपाईंहरुले आफ्नो धर्म अनुसारको प्राथना गराउन सक्नु हुनेछ<br>• राष्ट्रिय तथा देशभक्ती झल्कने बालगीतहरु<br>• राष्ट्रिय तथा देशभक्ती झल्कने बालकविताहरु | नेपाली नैतिक ज्ञान-दर्शन सम्वन्धी किताव गुगल र यूट्यूवका सामग्रीहरु | लय मिलायर गाएको अवलोकन गर्ने |
| **नियम निर्माण र परिपालना** | **बिधालय र घरमा पालना गर्नु पर्ने नियम**<br><br>**जिम्मेवारी वहनको सपथ** | बिधालय र घरमा पालना गर्नुपर्ने नियमहरु बारे निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• बिधार्थीसंग छलफल गरी नियमहरुको चार्ट बनाउन निर्देशन दिने<br>• हामीले पालना गर्ने नियमको सबैलाई सपथ गराउने | नेपाली नैतिक ज्ञान दर्शन वा अन्य किताव<br><br>मेरो सपथ ग्रहण चार्ट | क्रियाकलाप अवलोकन गर्ने र घरमा बनाएका नियमहरु पालना गरे नगरेको कक्षामा छलफल गर्ने |

| क्षेत्र | बिषयवस्तु | प्रशिक्षण प्रकृया | सामग्री | मुल्यांकन |
|---|---|---|---|---|
| **सहयोग र सेवा भावको विकास** | **असाहय, असक्तलाई सेवा र पाहुनाहरुलाई सत्कार गर्न**<br><br>**सबै प्रति धन्य हुन** | सहयोग र सेवाभाव बिकास गराउन निम्नानुसारका क्रियाकलाप गर्न सकिनेछन:<br>• घर परिवार, बिधालय र छरछिमेकमा गर्न सकिने सेवाको पहिचान र छलफल<br>•अतिथि देबो भवः भन्ने नेपाली भाव अनुसारको ब्यबहार देखाउन | नेपाली नैतिक ज्ञान दर्शन वा अन्य किताव र पुराना लोक कथाहरु जस्तै (श्रवण कुमार, हाम्रा हजुरबा हजुरआमाका कथाहरु) | कक्षामा देखाउने ब्यबहारको अवलोकन गर्ने, घरमा गर्ने सहयोगको परियोजना कार्य ।<br>कथा बाचन र कथाको सिकाई |
| **मानसिक शान्ति र मानसिक सन्तुलनको अभ्यास** | **बैयक्तिक रुपमा मानसिक शान्ति कायम राख्न** | मानसिक र बैयक्तिक शान्ती र सन्तुलन सम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्न सकिनेछन:<br>• हरेक दिन पाठसंगै चकटी, म्याट आदिमा बसाउने<br>• नमस्ते अभ्यास र ध्यान गराउने<br>• ॐ नमो शिवाय वा अन्य कुनै ध्यानको धुन बजाउने<br>• सजिला योगाभ्यासका क्रियाकलाप | • ध्यानको लागि धुन - ॐ माने<br>• ध्यानको लागि धुन - ॐ नमो शिवाय धुन र नमस्ते अभ्यास र योगाभ्यास | क्रियाकलाप अवलोकन गर्ने र एकाग्रता गरेको र यसको असर अवलोकन गर्ने |
| **परिश्रमी भावना बिकास** | **मेहनती बन्ने प्रेरणाको बिकास** | मेहनत गर्ने बारे निम्नानुसारका क्रियाकलाप गर्न सकिनेछन:<br>• परिश्रमको मार्ग बारे हाम्रा पौराणिक कथाहरु चित्र सहित छलफल गर्ने । | नेपाली नैतिक ज्ञान दर्शनको नमुना कथा वा अन्य | चित्र कथा छलफल र के सिकाई भयो ? छलफल |

| क्षेत्र | बिषयवस्तु | प्रशिक्षण प्रकृया | सामग्री | मुल्यांकन |
|---|---|---|---|---|
| **कर्मपथको सही मार्ग छनौट गर्ने र सकारात्मक उत्प्रेरणाको बिकास** | **कर्मयोगी बन्न**<br><br>**श्रमलाई आदर गर्न** | आफ्नो कर्मको सही बाटो अबलम्बन गर्न गीता वा अन्य पुस्तकको भाव अनुसारको कर्मपथ बारेको ज्ञान दिन निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• कर्मपथ बारे कथाहरु प्रस्तुतीकरण<br>• जीवनको मार्ग छनौट गर्दा ध्यानु दिनु पर्ने पक्ष | नेपाली नैतिक ज्ञान दर्शन लघु वा चित्र कथा, पुराना हाम्रा हजुरबा हजुरआमाका कथाहरु, कविता र गीतहरु | चित्र छलफल, कथा बाचन र छलफल उनीहरुमा आएको सकारात्मक सुधारको अवलोकन |
| **सधै खुशी रहने र समयको सुदुपयोग गर्ने** | **•आफु खुशी रहन र आफ्नो परिवार साथीहरुलाई खुशी पर्ने**<br>**•समयको सदुपयोग गर्ने**<br>**•साईबर र ईलेट्रो पोबियाबाट बच्ने** | आफु खुशी रहने र समयको सुपयोग गर्ने बारे निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• घरमा र पाठशालामा हामीले तयार गरेका नियमहरुको पालना गर्नु<br>• समयको दुरुपयोग बाट हुने नोक्सानी बारे कथाहरु<br>• ईलेक्टोफोबिया बाट बच्न समयसारिणीको पालना र ध्यान र योगाभ्यास गर्ने बानी बिकास<br>• स-साना परियोजना जस्तैसमयसारिणी को पालना, बालकथा लेखन..... | आफुले बनाएका नियमहरुको चार्ट बालकथा र ध्यान र योगाभ्यास तथा अन्य कथाहरु | क्रियाकलाप अवलोकन र नियमहरु पालना गरे नगरेको कक्षामा छलफल गर्ने |
| **स्वयमको पहिचान** | **नेपालको संस्कृति, भुगोल, ईतिहास....** | यसको लागी निम्नानुसारका क्रियाकलाप गर्न सकिनेछः<br>नेपालकको भुगोल, नेपाली बिभूती, नेपाली संस्कृती, चाडपर्व आदीबारे छलफल | बालकथा र गीत कविता, जीवनी, लेखहरु | क्रियाकलाप अवलोकन र छलफल गर्ने |

| **क्षेत्र** | **बिषयवस्तु** | **प्रशिक्षण प्रकृया** | **सामग्री** | **मुल्यांकन** |
|---|---|---|---|---|
| **कर्तब्य र उत्तर- दातित्व बोध** | **•बैयक्तिक दायित्व**<br>**•सामुहिक दायित्व**<br>**•सामुदायिक दायित्व**<br>**•नियम कानूनको परिपालना** | उत्तरदायित्व बोध गराउन निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• छरछिमेकमा गर्न सकिने सहयोग<br>• जन्म भूमी नेपाल प्रतिको कर्तब्य र उत्तरदायित्व | नेपाली नैतिक ज्ञान दर्शनका बालकथा, कविता, गीतहरु | कक्षामा देखाउने ब्यबहारको अवलोकन, दायित्वबोध परियोजना कार्य । |
| **असल मानिसमा हुनु पर्ने गुणहरु** | **निस्पक्षता सत्यवादी र ईमान्दारिता भरोसायोग्य..... आदि गुण** | निस्पक्षता र ईमान्दारिता सम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• जीवनीहरु, कथाहरु, लेखरचना अध्ययन<br>• वालगीत, कविता अभ्यास | बिभिन्न चित्रकथा संकलन (कथा सत्यवादी राजा हरिशचन्द्र) | कथा बाचन र छलफल परियोजना कार्य |
| **ज्ञान र भक्तिको मार्ग** | **मान्यजन प्रतिको भक्तिभाव र स्व- पहिचान** | यस सम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• मेरो संस्कार के हो र मेरो भक्तिको मार्ग (गुरु, ठूलाबडा र अतिथी पुजन) र गीता, बेद वा आफ्नो धर्म अनुसारको भक्तिभाव बारे अध्ययन | नेपाली नैतिक ज्ञान दर्शन वा अन्य किताव | चित्र छलफल, प्रश्नोत्तर र परियोजना कार्य |

NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

# नेपाली भाषा

## मध्यम तह

NRNA
NCC-USA
Non-Resident Nepali Association

# एनआरएनए, अमेरीका

# नेपाली पाठशाला, कमिटी

# नेपाली भाषा शिक्षा

## मध्यम तहको पाठ्यक्रम निर्देशिका (६ देखि १४ बर्ष )

प्रवासमा हुर्कीरहेका बालबालिकाहरूको लागि नेपाली भाषा प्रशिक्षण ज्यादै चुनौतिपुर्ण रहन गएकोछ । बुबा-आमाको कार्यब्यस्तता र साथी संगती एवम् पाठशालामा प्रयोग हुने भाषाका कारण बालबालिकाहरूमा भाषागत समस्या रहन गएको देखिन्छ । हामीले यी वालबालिकाबाट धैरै ठुलो अपेक्षा गर्नु भन्दा पनि साधारण नेपालीमा भनेका कुरा सुनेर बुझ्न, लेख्न, पढ्न र बताउन सक्ने भए पनि ठूलो उपलब्धीको रुपमा लिनु पर्छ । यिनै भाषागत सीप सिकाउन यो पाठ्यक्रम ढाँचाको मूल लक्ष्य भएता पनि भाषागत दक्षताका क्रममा उनीहरूलाई नेपाली पहिचान, धर्म-संस्कृती, चाडवाड, चालचलन र भौगोलिक तथा सामाजिक परिवेश बारे आधारभूत जानकारी गराउनु यसको सहायक लक्ष्य हो ।

**माध्यमिक तहको भाषा शिक्षणको उद्देश्य यस प्रकार रहनेछः**

नेपाली भाषा सम्बन्धि सीपहरु हाँसिल गर्ने बालबालिकाहरुले हरेक बर्ष क्रमश भाषागत दक्षता हाँसिल गर्दै जानेछन । जसमा यस आधारभूत तहको भाषा बिकास पाठ्यक्रमको ढाँचाबाट क्रमश निम्नानुसारका सीपहरु सिक्नेछन

- नेपाली सग्ला अक्षरहरु र अंकहरु चिन्न लेख्न र पढ्न ( १ देखि १०० सम्म)
- नेपाली बाह्रखरी र जोडिएका अक्षरहरु लेख्न र पढ्न
- नेपाली बोलीचालीका शब्दहरु सुनेर बताउन, लेख्न र पढ्न (नाता गोता, घरमा प्रयोग हुने सामान, लुगाकपडा आदी)
- नेपाली चाडपर्ब र संस्कृतिसंग सम्बन्धित शब्दहरु लेख्न र पढ्न (दशै, तिहार, जमारा, टीका, छट, गाइजात्रा,)
- नेपालीका ईतिहास र भूगोलसंग सम्वन्धित ,मठ, मन्दिर, पर्यटकीय र ऐतिहासिक स्थान आदि संग सम्बन्धित शब्दहरु लेख्न पढ्न

शिक्षण सिकाईलाई ब्यवस्थित र बालकेन्द्रित गराई प्रशिक्षण गर्नेको लागि नेपाली भाषा शिक्षणमा सुनाइ, बोलाई, पढाई र लेखाई सीपहरु क्रमश सिकाउनु पर्दछ । यसै क्रममा यस तहका बालबालिकाले निम्नानुसारका सीपहरु सिक्नेछन ।

क) सुनाई सीप

- नेपालीमा बताइएका सजिला निर्देशन सुनेर पालना गर्न
- स-साना कथाहरु जीवनीहरुको चित्र छलफल, बर्णनको आशय बुझी प्रतिक्रिया देखाउन
- नेपाली बालगीत, कविता सुनेर आनन्दित हुन र बुझेर प्रतिक्रिया दिन

ख) बोलाई सीप

- नेपाली अक्षर र अंकको उच्चारण गर्न
- नेपाली शब्दहरुको उच्चारण गर्न
- कथा कविताका बाक्यहरु सुनेर बताउन
- साथीहरुसंग छलफलमा नेपालीमा कुरा गर्न

ग) पढाई सीप

- नेपाली स-साना कथा कविता सही उच्चारण गरी पढेर सुनाउन
- सजिला शब्दहरु र बाक्यहरु पढेर सुनाउन

घ) लेखाई सीप

- मिलाएर नेपाली अक्षरहरु लेख्न
- सुनेको भरमा स-साना शब्द र वाक्य लेख्न
- नेपालीमा स-साना कथा, कविता, सुलेख, श्रुति लेखहरु लेख्न

## सम्भावित सिकाई उपलब्धि (Expected Learning Achievements)

| क्षेत्र | बिषयवस्तु | प्रशिक्षण प्रकृया | सामग्री | मुल्यांकन |
|---|---|---|---|---|
| सुनाई सीप | क) सजिला शब्दहरु सुनेर पालना गर्न<br>ख) बर्णमालाका जिडिएका अक्षरहरु सुनाउन<br>ग) जोडिएका शब्दहरुको प्रयोग गरी नेपालीमा कुराकानी गर्न<br>घ) बालगीत कबिता सुनाउन | सुनाइ सीपका लगि निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• शिक्षकले वालबालिकालाई खान्छ, पढ्छ, लेख्छ आदि जस्ता शब्दको उ्च्चारण गर्न लगाउने<br>• जोडिएका अक्षर सुनाएर कालोपाटीमा शब्द चिन्न लगाउने<br>• अरुले साथीहरुले भनेका शब्दहरु सुनेर नेपालीमा जवाफ दिनलगाउने<br>• नेपालीमा सजिला वालगीत, कथा, कविताहरु सुनेर बताउन लगाउने<br>• नेपालीका जोडिएर बनेका शब्दहरु सुनेर अर्थपुर्ण जवाफ दिन लगाउने | नेपाली अक्षर माला वा अन्य किताबको उपयोग गरी अभ्यास गराउने, अक्षरपती, शब्दपत्ती र बाक्यपती तयार गर्ने;<br>स-साना खेलहरु खेलाउने | प्रश्नोत्तर चित्र, छलफल, निर्देशनको पालनाको जस्ता क्रियाकलाप अबलोकन गर्ने |
| बोलाई | क)बर्णमालाका अक्षरहरु उच्चारण गर्न<br>ख) शिष्टाचार, नातागोता, सामानहरु आदि शब्दहरु बताउन<br>ग) सामान्य कुराकानी, बालगीत, कथा बताउन । | बोलाई सीप बिकास गर्न निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• बाह्रखरी र जोडिएका अक्षरहरुको उच्चारण गराउने र अप्ठ्यारा शब्दहरुको धेरै अभ्यास गराउने ।<br>• नेपाली भाषाका कालहरुसंग सम्बन्धी जस्तै- गयो, खान्थ्यो, आदि सजिला र जोडिएका शब्दहरुको अभ्यास गराउने | नेपाली अक्षर माला वा अन्य किताबको उपयोग गरी अक्षरपती, शब्दपत्ती र बाक्यपती तयार गर्ने;<br>स-साना खेलहरु खेलाउने | प्रश्नोत्तर चित्र, छलफल, निर्देशनको पालनाको जस्ता क्रियाकलाप अबलोकन गर्ने |

| क्षेत्र | बिषयवस्तु | प्रशिक्षण प्रकृया | सामग्री | मुल्यांकन |
|---|---|---|---|---|
| पढाई | क) बाह्रखरी अक्षर पढ्न<br>ख) जोडिएका शब्द पढ्न<br>ग) सरल र जोडिएर मिलेका बाक्य पढ्न<br>घ) बालगीत, कथा र गीत पढ्न | पढाई सीप बिकासका लागी निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• बाह्रखरीका अक्षर र शब्दहरु पढ्न लगाउने<br>• चित्रहरु देखाई नाम लेखेर पढ्न लगाउने<br>•जोडिएका शब्दहरु र चित्र (जस्तै झण्डा..) देखाई पढ्न लगाउने<br>•बिभिन्न कर्ता, क्रिया, कर्म भएका शब्दपत्ती बनाई पढ्न लगाउने ( म घर जान्छु )<br>•चित्र कथा, बालगीत पढ्न र बर्णन गर्न लगाउने | नेपाली अक्षर माला वा अन्य किताबको उपयोग गरी अभ्यास गराउने, अक्षरपती, शब्दपत्ती र बाक्यपती तयार गर्ने; स-साना खेलहरु खेलाउने | प्रश्नोत्तर चित्र, छलफल, निर्देशनको पालनाको जस्ता क्रियाकलाप अबलोकन गर्ने |
| लेखाई | क) चित्र देखाई नाम लेख्न<br>ख) शब्द लेख्न<br>ग) शब्द र बाक्य लेख्न<br>घ) स-साना श्रुति लेखन र पुर्ण बिराम आदि चिन्हको प्रयोग गर्न | लेखाई सीपबिकासका लागि निम्नानुसारका क्रियाकलाप गर्ने सकिनेछन:<br>• सफासंग वर्णमालाका अक्षर लेख्न<br>• आकार, इकार, जोडिएका....शब्द अभ्यास गराउने,<br>• नेपाली अक्षरमाला किताबका अक्षर, शब्द अभ्यास गर्ने,<br>• शिक्षकले सजिला श्रुतिलेख र सुलेख गीत, कथा, लेखाई मात्रा चिन्ह अभ्यास गर्ने | नेपाली अक्षर माला वा अन्य किताबको उपयोग गरी अभ्यास गराउने | सफासंग लेखेको, लेखेका शब्द बाक्य चिन्ह अवलोकन गरेर |

## नैतिक तथा नेपाली भाषा शिक्षणको साप्ताहिक सिकाई उपलब्धि

| साप्ताह | बिषयवस्तु | प्रशिक्षण प्रकृया |
|---|---|---|
| एक - दुई | **नेपाली नैतिक ज्ञानः**<br>ईश्वरभक्ती, **गायत्री मन्त्र,** आत्मा नियम, कक्षाको शपथ, राष्ट्रिय गान<br><br>**नेपाली भाषा**<br>बाह्रखरी पुनरावलोकन | आफ्नो धर्म अनुसारका बन्दनाहरु, मन्त्र, शान्ती स्वस्ती वाचन वा तपाईको धर्म अनुसारको मन्त्र, राष्ट्रिय गान, देशभक्ति गीतहरु अभ्यास गर्ने र ध्यान गर्ने, आत्मा नियम र आफ्नो शपथ तयार गराउने<br><br>**बाह्रखरी पुनरावलोकन** र शब्द भण्डार बिकाश तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| तीन-चार | **नेपाली नैतिक ज्ञानः**<br>माया ममता, आदर सत्कार गर्ने बानी र सहयोग र सेवा भावको विकास<br><br>**नेपाली भाषा**<br>बाह्रखरी पुनरावलोकन | माया ममता, स्वागत, सत्कार र आदरभाव सम्बन्धि शब्दहरुको अभ्यास र गुरु, मान्यजन र अतिथि देबो भवः भन्ने नेपाली भाव अनुसारण सम्बन्धिका क्रियाकलापहरु<br><br>बाह्रखरी पुनरावलोकन र शब्द भण्डार बिकास तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| पाँच-छ | **नेपाली नैतिक ज्ञानः**<br>सहयोगी सेवा भाव, परिश्रमी भावना बिकास, कर्मपथको सही मार्ग छनौट गर्न साकरात्मक उत्प्रेरणाको बिकाश<br><br>**नेपाली भाषा**<br>बाह्रखरी र आधा जोडिएका नेपाली अक्षर | घर परिवारमा सहयोग, मेहनत गर्ने र आफ्नो कर्मको सही बाटो अबलम्बन गर्न गीताको भाव अनुसारको कर्मपथ बारेको ज्ञान दिने जस्ता कथा, कविता, गीत अध्ययन<br><br>बाह्रखरी पुनरावलोकन, शब्द भण्डार बिकाश तथा आधा जोडिएका नेपाली अक्षरहरु (जस्तै खा+न+छ - खान्छ) आदि अभ्यास |

| सप्ताह | बिषयवस्तु | प्रशिक्षण प्रकृया |
|---|---|---|
| **नौ - दश** | **नेपाली नैतिक ज्ञानः**<br>**मेहनती बन्ने प्रेरणादायी अनुभवहरु ग्रहण गरि आफ्नो बानीमा बिकाश** गर्ने<br><br>**नेपाली भाषा**<br>सरल नेपाली बाक्यहरु निर्माण | परिश्रमको मार्ग बारे हाम्रा पौराणिक, धार्मिक मुल्यमान्यता र कथाहरु, चित्रहरु छलफल र बर्णन गर्ने ।<br><br>नेपाली सरल बाक्यले बनेका कविता, जीवनी, कथा आदीको अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई सीप) |
| **एघार-बाह्र** | **नेपाली नैतिक ज्ञानः**<br>कर्तब्य र उत्तर दातित्व बोध, निस्पक्षता सत्यवादी र ईमान्दारिता भरोसायोग्य ब्यबहार<br><br>**नेपाली भाषा**<br>सरल नेपाली बाक्यहरु निर्माण | घर परिवार, बिधालय र छरछिमेक, सार्वजिक ठाउँमा गर्न सकिने सहयोग बारे छलफल र सहभागिता, निस्पक्षता र ईमान्दारिता सम्बन्धी कथाहरु (जस्तै सत्यवादी राजा हरिश्चन्दको कथा, श्रवण कुमारको कथा आदी)<br><br>नेपाली सरल बाक्यले बनेका कविता, जीवनी, कथा आदीको अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई सीप) |
| **तेह्र-चौध** | **नेपाली नैतिक ज्ञानः**<br>कर्मपथको सही मार्ग छनौट गर्न र सकारात्मक उत्प्रेरणाको बिकास<br>**नेपाली भाषा**<br>सरल नेपाली बाक्यहरु निर्माण | कर्मयोगी बन्न श्रमलाई आदर गर्ने भागवत गीताका आदर्श वा तपाईको धर्मसंग जोडिएका पौराणीक कथा, जीवनी<br><br>नेपाली सरल बाक्यले बनेका कविता, जीवनी, कथा, नेपाल परिचय आदीको अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई सीप) |
| **पन्ध्र-सोह्र** | **नेपाली नैतिक ज्ञानः**<br>ज्ञानको मार्ग छनौट गर्नः बुध्द र गीता दर्शन वा आफ्नो धर्म अनुसार छनौट गर्ने<br><br>**नेपाली भाषा**<br>सरल नेपाली लेखन र पढाई | गौतमबुध्दको जीवनी, बुध्द र बिज्ञान र गीताको दार्शनिक तथा बैज्ञानिक आधार बारे कथा, अनुसन्धानात्मक लेख<br><br>नेपाली सरल बाक्यले बनेका कविता, जीवनी, कथा, नेपाल परिचय आदीको अभ्यास (सुलेख, श्रुतिलेख), नेपालीमा स-साना लेख रचना तयार |

| सप्ताह | बिषयवस्तु | प्रशिक्षण प्रकृया |
|---|---|---|
| **सत्र-अठार** | **नेपाली नैतिक ज्ञानः**<br>**भक्तिको मार्गः मान्यजन, गुरुप्रतिको भक्तिभाव**<br>**नेपाली भाषा**<br>सरल नेपाली लेखन र पढाई | मेरो संस्कार के हो र मेरो भक्तिको मार्ग (गुरु, ठूलाबडा र अतिथी संग के कस्तो ब्यवहार देखाउने) बुध्दको भक्तिको मार्ग, कर्णको गुरुभक्तिको मार्ग जस्ता क्रियाकलाप,<br>नेपाली अभ्यास (सुलेख, श्रुतिलेख), नेपालीमा स-साना लेख रचना तयार गर्ने |
| **उन्नाईस-एक्काइस** | **नेपाली नैतिक ज्ञानः**<br>मेरो चिनारीः नेपाल र म<br>**नेपाली भाषा**<br>सरल नेपाली लेखन र पढाई | नेपालको ईतिहास, भुगोल, नेपाली बिभूती, नेपाली संस्कृती, चाडपर्व आदीबारे जानकारी मूलक क्रियाकलाप<br>नेपाली राष्ट्रियता बारे स-साना लेख रचना तयार (कथा, कविता, गीत......) |
| **बाईस-चौबिस** | **नेपाली नैतिक ज्ञानः**<br>नेपाली ईश्वरभक्ति, गुरुभक्तिका रचनाहरुको यूट्यूव भिडियो तयारी<br>**नेपाली भाषा**<br>सरल नेपाली लेखन र पढाई | नेपाली वा संस्कृत श्लोक, मन्त्र, भजन, लोक कथा (छोटा) को यूट्यूब भिडियो तयार गर्ने परियोजना कार्य<br>नेपालीमा स-साना लेख रचना (कथा, श्लोक, भजन, कविता....) |
| **पच्चिस-सत्ताईस** | **नेपाली नैतिक ज्ञानः**<br>**गौतमबुध्दको मार्गबारे बर्णन**<br>**नेपाली भाषा**<br>सरल नेपाली लेखन र पढाई | गौतमबुध्द र बिज्ञान, ध्यानको महत्व बारे साना-साना अनुसन्धानात्मक लेख परियोजना कार्य<br>नेपालीमा स-साना लेख रचना (जीवनी, बुध्द दर्शन, ध्यान, साधना.....) |
| **अठ्ठाईस-एकतिस** | **नेपाली नैतिक ज्ञानः**<br>**मेरो भविष्यको मार्ग र** असल मानिसमा हुनु पर्ने गुणहरु<br>**नेपाली भाषा**<br>सरल नेपाली लेखन र पढाई | भविश्यको सपना के बन्ने छ कल्पना गरेर छोटा बर्णन, माया, ममता, स्नेहले पूर्ण असल मानिसमा समेटिका गुण बारेका परियोजना कार्य<br>नेपालीमा स-साना लेख रचना (जीवनी, आदर्श दर्शन, जीवनको मूल्य, ) |

## दैनिक योजनाको नमुना
## नैतिक ज्ञान तथा नेपाली भाषा शिक्षण

समय- २ घण्टा

क्रियाकलाप १ः- ( १० मिनेट)

- तपाईको धर्म अनुसारको बन्दनहरु
- नेपाली र अमेरीकन राष्ट्रिय गीत
- मेरो शपथ (शपथ लिने)

क्रियाकलाप २ः- ( १५ मिनेट)

- Themetic छलफल ( कुनै नेपाली चाडवाड परेको समय जस्तै दशैं तिहार, होली, शिवरात्री, बुध्दपुर्णिमा ईत्यादी वा कथा, जीवनी)
- आजको नैतिक ज्ञान (नमस्ते, ढोग..वा नैतीक पाठ )

क्रियाकलाप ३ः- ( १० मिनेट)

- ध्यानको समय (सुनेर, हेरेर, सुघेर, स्वाद, स्पर्श, आत्म-बोध गरेर)

क्रियाकलाप ४ः- ( १० मिनेट)

- हाम्रा पौराणिक कथाहरु (नेपाल फोन गरेर हजुरबा- हजुरआमाबाट सुनेका कथाहरु बालबालिकाबाट सुनाउने- कुनै दुई जनाबाट)
- कथाको सिकाई र सारांश

क्रियाकलाप ५ः- ( ६० मिनेट)

- मेरो अक्षर लेखन (क ख अभ्यास) र पढाई (नेपाली कथा, बालगीत)

क्रियाकलाप ६ः- ( १० मिनेट)

- गत हप्ताको परियोजना कार्य छलफल (कथा, कविता, लेख, रचन...)
- अर्को हप्ताको परियोजना बितरण

क्रियाकलाप ७ः- (१० मिनेट)  खाजा बितरण र सरसफाई

NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

प्रवासमा हुर्किरहेका बालबालिकाहरुलाई नेपाली भाषा, कला र संस्कृति हस्तान्तरण गर्ने काम आफैमा चुनौतीपूर्ण छ । बहुभाषिक कलिलो बाल मनस्थितीले नयाँ समाजसंग सामन्जस्यता कायम गर्नु भनेको झनै ठूलो मनो-सामाजिक दबाव हो । यस्तो परिस्थितिमा ति बालबालिकाहरुलाई नेपालीभाषा र संस्कृतिको ज्ञान गराउनका लागि संगठित पढाईको ढाँचा र सोही अनुसारको हाम्रो घरायसी वातावरण हुन जरुरी छ ।

प्रवासको बसाईसंगै बालबालिकाहरुको सिकाईलाई ध्यानमा राखेर यो सानो खाका पस्कने जमर्को गरिएकोछ । जसमा एनआरएन अमेरीकाले गठन गरेको नेपाली पाठशाला समितिले अमेरीकाका बिभिन्न राज्यमा संचालित नेपालीपाठशालाको स्थलगत अध्ययन र बिधार्थी अविभावक संगको छलफलको आधारमा तयार गरिएको हो । साथै यसका बिषयबस्तुहरुलाई निरन्तर सुधार सहित अगाडी बढाउने गरी यो आधारभूत तहको पाठ्यक्रमको प्रारुप तयार गरी तपाई समक्ष पस्केका छौ ।

यसको उपयोगबाट हामीले बालबालिकालाई के सिकाउने ? र कसरी सिकाउने ? भन्ने जानकारी दिनेछ भने शिक्षकलाई कक्षाकोठामा अध्यापन गराउन सहज हुनेछ । यो हाम्रो पहिलो प्रयास हो र यसमा सहयोग गर्ने सबैलाई धन्यवाद दिदै सवै शिक्षा प्रेमीहरुबाट आगामी दिनमा थप सुधारात्मक सुझावको आषा गरेकाछौ ।

NRNA
NCC-USA
Non-Resident Nepali Association